10.3126/voh.v31i1.53794

# जनरल विजयशमशेर राणाको डायरीले उजागर गरेको नयाँ तथ्यहरू

**सह-प्रा.डा.विनोद थापा**


**लेखसार**

*नेपालमा राणा शासनको शुरुवातसँगै राणा शासन अन्त्य गर्नका लागि राणा विरोधी गतिविधिहरू संचालनमा आएको पाइन्छ । त्यसका लागि एकातर्फ सर्वसाधारण जनताहरू लागिपरेको देखिन्छ भने अर्कातर्फ राजपरिवारकै सदस्यहरू पनि अघि बढेको देखिन्छ । राणा शासकहरूले राजपरिवारप्रति गरेको नराम्रो व्यवहारका कारण पनि राजपरिवारका सदस्यहरू राणा शासन अन्त्य गर्न जनतासँग मिलेको देखिन्छ । राणा शासन अन्त्य गर्न खोलिएका विभिन्न संगठनहरूमध्ये प्रजापरिषद पनि एक थियो । तर उद्देश्यमा पुग्न नपाई यसका सदस्यहरू पक्राउ परेकाले यसको योजना सफल हुन सकेन । यसै प्रसंगमा राणा शासकहरूले राजा त्रिभुवनसँग गरेको व्यवहार तथा प्रजापरिषदले प्रधानमन्त्री जुद्धशमशेरका विरुद्ध 'क्लोरोफर्म' सम्म गर्ने योजना बनाएको र जुद्धशमशेरले पनि राजा त्रिभुवनलाई हटाई युवराज महेन्द्रलाई राजा बनाउने र अरू दुई राजकुमारहरूलाई धपाउने योजना बनाएको कुराको रहस्योद्‌घाटन जनरल विजयशमशेरले लेखेको डायरीले गरेको छ । तिनै विषयवस्तुलाई डायरीमा लेखिएको कुराहरूबाट उजागर गर्ने उद्देश्यले यो लेख तयार पारिएको छ ।*


**शब्दकुञ्जी:** क्रान्ति, गद्दी, डायरी, दूतावास, प्रजापरिषद, प्रधानमन्त्री, शरण, शासन, श्रीपेच ।

## विषय प्रवेश

ऐतिहासिक घटनाहरूको बारेमा जानकारी दिने विभिन्न किसिमका स्रोतहरू रहेका हुन्छन् । तीमध्ये दैनिक घटनाहरू लेखिएको 'डायरी' पनि एक हो जसलाई प्राथमिक स्रोतको रूपमा लिइन्छ । डायरीहरूमा लेखिएका कुराहरूले तत्कालीन घटनाहरूका बारेमा नयाँ सत्यतथ्य एवम् रहस्य खोलिरहेको हुन्छ भने त्यसभन्दा पहिला मानिदै आइएको कुरालाई असत्य पनि प्रमाणित गर्न मद्दत गर्दछ । नेपालमा विभिन्न पदहरूमा रहेका व्यक्तिहरूले डायरी लेखेको पाइन्छ भने अन्य भाषामा पनि डायरीहरू लेखिएको पाइन्छ । उदाहरणका लागि नेवारी भाषामा लेखिएको डायरीलाई 'थ्यासफु' भनिन्छ । थ्यासफुले पनि नेपालको इतिहासका विभिन्न पक्षहरूबारे प्रकाश पार्ने काम गरेको छ । त्यसै गरी वी.पी. कोइरालाले लेखेको 'जेल जर्नल' पनि उनको डायरी नै थियो । जेल जर्नलले तत्कालीन पुलिस तथा जेल प्रशासनका बारेमा जानकारी दिन्छ । विष्णु निष्ठुरीको 'उन्नाइस दिन' (जनआन्दोलन डायरी) पनि उनले लेखेको डायरी नै हो । जुन डायरी वि.सं. २०६२ चैत्र २४ गतेदेखि शुरु भएको जनआन्दोलन वि.सं. २०६३ बैशाख ११ गते समाप्त हुँदा १९ दिन कहाँ के भयो ? भन्ने बारेमा सम्बन्धित छ । यसै प्रसंगमा प्रधानमन्त्री मोहनशमशेरका कान्छा छोरा जनरल विजयशमशेरले

लेखेको डायरी पनि इतिहासको एउटा महत्वपूर्ण स्रोतको रूपमा रहेको छ जसले नेपालको इतिहासका विभिन्न घटनाहरूलाई थप प्रकाश पार्न मद्दत गर्ने देखिन्छ ।

जनरल विजयशमशेर राणा श्री ३ महाराज तथा प्रधानमन्त्री मोहनशमशेरका कान्छा छोरा थिए । उनी हरेक रात दिनभरिका घटनाहरू आफ्नो डायरीमा लेख्ने गर्दथे । उनले लेखेका डायरीहरू करिब १६/१७ वटा रहेका छन् । ती डायरीहरूमा लेखिएका कुराहरूले तत्कालीन समयका राजनीतिक घटनाहरूको धेरै नयाँ जानकारी गराउने देखिन्छ । यसै प्रसंगमा उनले वि.सं. १९९७ कार्तिक १६ र २१ गते लेखेको डायरीमा व्यक्त कुराहरूले नेपालको इतिहासमा केही नयाँ तथ्यहरू उजागर गर्ने कार्य गरेको छ ।

**वि.सं. १९९७ कार्तिक १६ (सन् १९४० नोभेम्बर १) गतेको डायरी**

वि.सं. १९९७ कार्तिक १६ गते घर फर्किने क्रममा मोटरमा आफ्ना पिता मोहनशमशेरले गरेको कुराकानीलाई जनरल विजयशमशेरले आफ्नो डायरीमा लेखेका छन् । उक्त दिनको डायरीले राजा त्रिभुवन दरबारबाट निस्की भारतीय दूतावासमा शरण लिन जान सक्ने कुरा तथा राणा शासकहरूले राजा त्रिभुवनप्रति गर्ने व्यवहार तिहारको टीकाको दिन कस्तो रह्यो भन्ने कुरा खुलासा गरेको छ ।

उक्त दिनको डायरीले राजा त्रिभुवन भारतीय दूतावासमा शरण लिन जान सक्ने वा अन्य कुनै कदम चाल्न सक्नेछन् भन्ने कुराको अड्कल मोहनशमशेरले वि.सं. १९९७ कार्तिक १६ गते नै (जुनबेला जुद्धशमशेर श्री ३ महाराज तथा प्रधानमन्त्री थिए) काटिसकेको कुरा खुलासा गरेको छ । त्यतिबेला मोहनशमशेर दक्षिण कमाडिङ्ग जनरल थिए ( राणा, २०५९: २३४) । त्यतिबेला उनले अड्कल काटेको कुरा १० वर्षपछि आफ्नै शासनकालमा यथार्थमा परिणत पनि भएको थियो । किनभने मोहनशमशेरकै शासनकालमा वि.सं. २००७ कार्तिक २१ गते राजा त्रिभुवन दरबारबाट निस्की भारतीय दूतावासमा शरण लिन गएका थिए (पन्त र थापा, २०७९: २०१) । आफ्ना पिता मोहनशमशेरले गरेको कुरा विजयशमशेर लेख्दछन्;

> King कहाँ भएको colt pistol र अरु बन्दुक हरू पनि सबै झिक्की सक्यो तर अब त झन king desperate भएर कहीँ भागेर जाला की भन्ने डर लाग्छ. king ले palace मा जरुर secret doors हरू बनाये को होला औ तेस्तो हरूबाट निस्की पर्खाल नागी legation जान पनि के बेर वा कुनै दीन Army को अगाडि आइ appeal पनि त गर्न सक्तछ.(जनरल विजयशमशेरको डायरी, पाँचौदेखि नौँ हरफ, परिशिष्ट-'क') ।

डायरीमा उल्लेखित यो अंशबाट वि.सं १९९७ कार्तिक महिनामा नै मोहनशमशेरलाई राजा त्रिभुवन कुनै पनि दिन दरबारबाट निस्की दूतावासमा शरण लिन जान सक्दछन् वा सेनाको अगाडि गएर गुहार पनि माग्न सक्दछन् भन्ने आशंका मनमा उब्जिसकेको थियो । त्यस्ता कुराहरूमा प्रधानमन्त्री जुद्धशमशेरले वास्ता नै नगरेको कुराप्रति मोहनशमशेर चिन्तित पनि देखिन्छन् । तर यसको ठीक १० वर्षपछि मोहनशमशेर प्रधानमन्त्री भएका समयमा नै राजा त्रिभुवन शिकार खेल्ने बहानामा दरबारबाट निस्की सपरिवार भारतीय दूतावासमा शरण लिन गएका थिए । यहाँ प्रश्न उठ्छ कि राजा

त्रिभुवन कुनै पनि बेला दरबार छोडेर कतै शरण लिन जान सक्दछन् वा अरू कुनै कदम चाल्न सक्दछन् भन्ने कुराको अड्कल १० वर्ष अगाडि नै काटिसकेका मोहनशमशेरले आफ्नो शासनकालमा राजा त्रिभुवनलाई किन कडा निगरानी वा नियन्त्रणमा राखेनन् वा राख्न चाहेनन् ? यसको उत्तर दुईवटा हुन सक्दछ; पहिलो, राणा शासकहरूले राजाहरूलाई रमाइलो र भोगविलासमा लिप्त गराई शासन संचालनतर्फ ध्यान दिने अवसर नै प्रदान नगर्ने नीति लिदै आएका थिए । त्यसैले राजा त्रिभुवन शिकार खेल्न जाने भनेर दरबारबाट निस्कन लागेकोले त्यसमा आपत्ति जनाउनु पर्ने अवस्था नै मोहनशमशेरले  देखेनन् । दोस्रो, राजा त्रिभुवन कुनै बहानामा दरबार छोडेर गएमा उनका कुनै उत्तराधिकारीलाई गद्दीमा राख्न सकिन्छ भन्ने प्रसंग राणा परिवारिभित्र उठिसेकेको थियो । किनभने जुद्धशमशेरकै शासनकालमा वि.सं १९९७ कार्तिक २१ गते लेखिएको डायरीबाट राणा शासकहरूले राजा त्रिभुवनलाई हटाई युवराज महेन्द्रलाई गद्दीमा राख्ने र दुई राजकुमारहरूलाई अन्त कतै धपाउनेसम्मको सोच बनाइसकेको कुरा बुझिन्छ (जनरल विजयशमशेरको डायरी, परिशिष्ट-'ख') । त्यसैले मोहनशमशेरले पनि त्यही सोच र योजना लिएकोले राजा त्रिभुवनलाई नियन्त्रण र निगरानीमा राखिरहनु पर्ने देखेनन् । तर राजा त्रिभुवन भारतीय दूतावासमा शरण लिन गएको कुरा सर्वप्रथम इन्दुशमशेर राणाले रेडियोबाट (भारतीय रेडियो ?) सुनेर जनरल बबरशमशेरलाई थाहा दिदाँ "कुचोले बढार्नु पर्ने कसिंगर हावाले उडायो" भन्दै बबरशमशेरले मोहनशमशेरलाई थाहा दिन गएका थिए (राणा, सन् १९७८: १११) । यस अर्थले मोहनशमशेरले केही घण्टापछि मात्रै त्रिभुवन भारतीय दूतावासमा शरण लिन गएको कुरा थाहा पाएका थिए । यसबाट मोहनशमशेरको जासुसी प्रणाली पनि कमजोर रहेको देखिन्छ ।

त्यसै गरी कार्तिक १६ गतेको डायरीले तिहारका बेला राजा त्रिभुवनप्रति राणाहरूले गरेको व्यवहार र त्यो व्यवहारबाट असन्तुष्ट भएर राजा त्रिभुवनले गद्दी त्याग गर्न पनि सक्दछन् भन्ने कुरा छर्लङ्ग्याउने कार्य गरेको छ । उक्त दिनको डायरीमा लेखिएअनुसार राणाहरूको व्यवहारबाट दुःखी भएर राजा त्रिभुवनले भाइटिकाको दिन श्रीपेच पनि नलगाएको र  कसैमार्फत "...छोराहरूलाई पनि पगरी (असन्तुष्ट भएर श्रीपेचलाई पगरी भनेको) लगाउ भन्देउ..." ( जनरल विजयशमशेरको डायरी, परिशिष्ट-'क') भनेर श्रीपेच लगाउनुको अर्थ नभएको असन्तुष्टी व्यक्त गरेका थिए । त्यस दिन राजा त्रिभुवन आफ्ना दिदीबहिनीहरूसँग पनि ज्याँदै कम बोलेका थिए र ती सबै दृष्य देखिरहेका सुसारेहरूको आँखामा पनि आशु थियो । उक्त दिन राजा त्रिभुवन सधैँ नै जमलेश्वरको दर्शन गर्न जाने गरेकोमा त्यो वर्ष दर्शन गर्न पनि गएका थिएनन् । त्यस घटनाबारे डायरीमा उल्लेखित अंश यस प्रकार रहेको छ;

> आज भाइ टीका हुँदा पनि king ले श्रीपेच पहीरी बक्सेन रे फेरी वहाँका छोराहरूले पनि पैले नलायेको मा सम्झेर विक्रे लाइ ए छोराहरूलाइ पगरी लाउनु भनिदेउन भन्नु भयो रे. यो पनि significant होकी जस्तो लाग्यो. वहाँ ले abdicate गर्न पनि सम्भव छ. Gen. Krishna ले पनि आज साहाज्यादी हरूसंग पनि बहुतै कम कुरा भयो रे औ दर्वार को धेरै जसो सुसारे हरूको पनि आँखा भरी आँसु थीयो रे मर्जी भयो. ( जनरल विजयशमशेरको डायरी, परिशिष्ट-'क')

वास्तवमा जुद्धशमशेरले प्रधानमन्त्री भएको शुरुदेखि नै श्री ५ हरूको अवहेलना गर्न शुरु गरेका थिए । किनभने उनीभन्दा अघिका श्री ३ महाराज तथा प्रधानमन्त्रीहरूले राजाको लालमोहर पाएपछि मात्रै आफूलाई प्रधानमन्त्री र श्री

३ महाराज घोषित गर्ने गरेकोमा जुद्धशमशेरले राजा त्रिभुवनबाट लालमोहर नै नलिई आफूलाई प्रधानमन्त्री र श्री ३ महाराज घोषित गरेका थिए र त्यसको १२/१५ दिनपछि मात्रै राजा त्रिभुवनलाई भेट गर्न नारायणहिटी दरबारमा गएका थिए (राणा, २०५९: २३३) । त्यसै गरी वि.सं. १९८९ कार्तिक महिनामा एक जमघट कार्यक्रममा राजा त्रिभुवनले जुद्धशमशेरसँग केही रकमको माग गर्दा जुद्धशमशरेले सबैको अगाडि गर्जदै “मैले सरकारलाई भारतका साना-साना स्टेटका राजाको आम्दानी सरह दिएकै छु, त्यसभन्दा बढी म टक्राउन सक्दिन” भन्ने जवाफ दिएका थिए (राणा, २०५९: २३३) । उक्त दिनको डायरीले पनि राजा त्रिभुवनप्रति गरिएको अवहेलना प्रष्ट्याउने काम गरेको छ । आफ्ना पिता मोहनशमशेरले भनेका कुराहरू लेखिसकेपछि डायरीको अन्त्यमा जनरल विजयशमशेरले अङ्ग्रेजी भाषामा राजा त्रिभुवनप्रति गरिएको व्यवहार आफूलाई मन नपरेको कुरा व्यक्त गरेका छन् । उनको विचारमा यस्तै अवस्था बढ्दै गएमा राजा त्रिभुवन दरबार छोडी कतै शरण लिन जान सक्नेछन् । त्रिभुवन त्यसरी कतै शरण लिन गएमा क्रान्ति शुरु हुनेछ र रुसको क्रान्तिले जारको परिवारलाई समाप्त गरेजस्तै त्यो क्रान्तिले सम्पूर्ण राणा परिवारलाई नै समाप्त गर्नेछ भन्ने कुरा लेख्दै त्यसको लागि भगवानसँग आफूहरू सबैलाई सत्मार्गमा हिड्ने बुद्धि मिलोस् भन्दै सम्पूर्ण राणा परिवारलाई बचाउन प्राथना पनि गर्दछन् । उनकै शब्दमा;

> So long as this case is pending, we can't have any peace of mind. But I'm afraid the poison has already been laid and the movement cannot absolutely die out. May God guide us in the right path and save our whole family from total massacre, similarly to that of the while Czars in Russia. (जनरल विजयशमशेरको डायरी, अन्तिम अनुच्छेद, परिशिष्ट-‘क’) ।

पछि २००७ सालमा राजा त्रिभुवन भारतमा शरण लिन गएपछि उनले सोचेजस्तै नेपालमा राणा विरोधी क्रान्ति शुरु भयो र उनले क्रान्तिलाई लम्बिन नदिई हिंसात्मक र रक्तपातपूर्ण बन्न नदिन महत्वपूर्ण भूमिका खेलेका थिए (थापा, २०६९: ७२) ।

### वि.सं. १९९७ कार्तिक २१ (सन् १९४० नोभेम्बर ६) गतेको डायरी

वि.सं. १९९७ कार्तिक २१ गते जुवा खेलेर घर फर्किने क्रममा मोटरमा मोहनशमशेरले गरेको कुराकानीलाई पनि जनरल विजयशमशेरले आफ्नो डायरीमा लेखेका छन् । उक्त दिन लेखिएको डायरीले विशेषतः राणा परिवारका सदस्यहरूले राजा त्रिभुवनलाई गरेको वेवास्ता र प्रजापरिषदका सदस्यहरू पक्राउ परेको घटनासम्बन्धमा केही नयाँ तथ्यहरू खुलासा गरेको छ ।

डायरीको पहिलोदेखि चौथो हरफमा राणा परिवारको एउटा सामान्य कार्यक्रममा राजा त्रिभुवनलाई निमन्त्रणा नदिइएको कुरा उल्लेख गरिएको छ । त्यसरी कार्यक्रमहरूमा राजालाई निमन्त्रणा नदिदाँ मान्छेहरूले नराम्रो सोच्ने र राजा स्वयम्ले पनि त्यस कुरालाई आफू अपमानित भएको महसुस गर्न सक्नेछन् भन्ने कुरा स्पष्ट पारिएको छ (जनरल विजयशमशेरको डायरी, परिशिष्ट-‘ख’) । त्यसै गरी कार्तिक १६ गते लेखिएको डायरीमा राजा त्रिभुवनको सुरक्षार्थ

दिइएको पिस्तोल फिर्ता लिइएको कुरा उल्लेख गरिएको छ भने कार्तिक २१ गते लेखिएको यो डायरीमा पनि राजा त्रिभुवनको साथमा रहेको अन्य बन्दुक तथा गोलीगट्ठाहरू फिर्ता गरिएको कुरा उल्लेख भएको छ (जनरल विजयशमशेरको डायरी, परिशिष्ट-'ख') ।

प्रधानमन्त्री जुद्धशमशेरको समयमा राणा विरोधी गतिविधि संचालन गरेको अभियोगमा प्रजापरिषदका सदस्यहरू पक्राउ परेका थिए । त्यति बेला प्रजापरिषदमा राजा त्रिभुवनको पनि संलग्नता छ कि भनेर त्रिभुवनसँग प्रश्नहरू सोध्ने काम पनि गरिएको थियो (जोशी र रोज, सन् २००४, ५५) । उक्त दिनको डायरीमा पक्राउ परेका प्रजापरिषदका सदस्यहरू र राजा त्रिभुवनका बारेमा केही नयाँ तथ्यहरू खुलेका छन् । जसअनुसार पक्राउ परेका कम्पाउण्डर, रामदास र धर्मभक्तहरूलाई प्रश्न गर्दा रसायनयुक्त विषालु ग्याँस प्रयोग गरी श्री ३ जुद्धशमशेरलाई निष्तेज पार्ने र उनका अंगरक्षक हजुरिया कर्नेल इन्द्रबहादुरलाई राजा त्रिभुवनले आफ्नो पक्षमा पार्ने योजना बनाएको कुरा डायरीमा उल्लेख भएको छ । त्यस विषयमा डायरीमा लेखिएको कुरा यस प्रकार रहेको पाइन्छ;

> King को camp बाट arrested भयेको compounder, रामदास, धर्मभक्तहरूलाई question गर्दा H.H. लाई chloroform गर्ने plan पनि थियो रे. H.H. लाई निष्तेज पारे पछि त क. इन्द्र बहादुर हजुरीयालाई पनि त म हात लीन सक्दछु भनि king ले हुकुम भयेको थीयो भनि भने रे...(जनरल विजयशमशेरको डायरी, परिशिष्ट-'ख')

तर योजनाअघि नै प्रजापरिषदका गतिविधि थाहा हुन गई यसका सदस्यहरू पक्राउ परेकाले उनीहरूको योजना सफल हुन सकेन ।

त्यसै गरी उक्त दिनको डायरीमा उल्लेख गरिएअनुसार प्रजापरिषदसँग राजा त्रिभुवनको सम्बन्ध रहेको शंका भएपछि जुद्धशमशेरले पनि त्रिभुवनलाई गद्दीबाट हटाई युवराज महेन्द्रलाई गद्दीमा राख्ने र अरू दुई राजकुमारहरूलाई बाहिर धपाउने योजना बनाएका थिए (जनरल विजयशमशेरको डायरी, परिशिष्ट-'ख') । तर युवराज महेन्द्रले पितालाई हटाएर गद्दीमा बस्न अस्वीकार गरिदिएका थिए (जोशी र रोज, सन् २००४, ५५) । डायरीमा नै उल्लेख गरिएअनुसार त्रिभुवनले प्रजापरिषदसँग आफ्नो कुनै सम्बन्ध नरहेको र धर्मभक्तहरूले लेखेको चिठीको आधारमा आफूलाई प्रजापरिषदसँग जोडेर हेर्न नमिल्ने कुरा गर्दै त्यस बारेमा आफूलाई केही थाहा नभएको कुरा व्यक्त गरेको देखिन्छ ( जनरल विजयशमशेरको डायरी, परिशिष्ट-'ख') । तैपनि जुद्धशमशेर दलबलसहित राजदरबार गई राजा त्रिभुवनसँग साक्षात्कार गरी प्रजापरिषदमा राजा त्रिभुवनको संलग्नता छ भनी कठोर शब्द प्रयोग गरी अपमान गर्ने काम गरेका थिए (राणा, प्रकाशन मिति उल्लेख नगरिएको, २७५) । प्रमाण पनि नभेटिएको र त्रिभुवनले प्रजापरिषदसँग आफ्नो कुनै सम्बन्ध नरहेको कुरा व्यक्त गरेकै कारण त्रिभुवनलाई गद्दीबाट हटाई युवराज महेन्द्रलाई राजा बनाउन जुद्धशमशेरले सकेनन् ।

**उपसंहार**

माथि उल्लेखित विवरणहरूबाट राणा शासकहरूले राजा त्रिभुवनप्रति नकारात्मक व्यवहार धेरै नै गरेका थिए भन्ने देखिन्छ । जसका कारण राजा त्रिभुवन राणा शासकहरूसँग चिढिएर राणा शासन अन्त्य गर्नका लागि जनतासँग मिल्नुको साथै पछि गएर राणा शासन अन्त्य गर्न खोलिएको प्रजापरिषदजस्तो राजनीतिक संगठनसँग नजिक भई समर्थन र सहयोग गरेका थिए । राजा त्रिभुवनप्रति त्यसरी नराम्रो व्यवहार नगरेको भए सायद त्रिभुवन राणा शासकहरूप्रति त्यति विरोधी नहुन पनि सक्थे होलान् । त्यसै गरी राजा त्रिभुवन कुनै पनि बेला दरबार छोडी अन्त कतै शरण लिन जान सक्नेछन् भन्ने कुरा वि.सं. १९९७ मा नै मोहनशमशेरले शंका गरिसकेका थिए । त्यति हुँदा हुँदै पनि आफू प्रधानमन्त्री भएपछि मोहनशमशेरले किन त्रिभुवनलाई नियन्त्रण वा निगरानीमा राखेनन् वा राख्न सकेनन् भन्ने कुरा यकिनका साथ भन्न सक्ने अवस्था छैन । तर जे भए तापनि जनरल विजयशमशेरले भनेजस्तै राजा त्रिभुवन सपरिवार दरबारबाट निस्किएर सुरुमा भारतीय दूतावासमा र पछि भारतमा शरण लिन गएपछि क्रान्ति शुरु भएको थियो (पन्त र थापा, २०७९, २०१) । वि.सं. २००७ कार्तिक २१ गते भारतीय दुतावासमा शरण लिन गएका राजा त्रिभुवन नफर्किएपछि कार्तिक २२ गते राजा त्रिभुवनका माहिला नाति ज्ञानेन्द्रवीरविक्रम शाहलाई मोहनशमशेरले राजाको रूपमा सिंहासनमा राखेका थिए (पन्त र थापा, २०७९, २०१) । तर त्यसभन्दा अगाडि राजा त्रिभुवनलाई दरबारमा फर्काएर ल्याउनका लागि मोहनशमशेरले पहिला जनरल अर्जुनशमशेर र आफ्ना छोरा विजयशमशेरलाई भारतीय दुतावासमा पठाएका पनि थिए । तर त्रिभुवन दरबार फर्कन मानेनन् (शाह, सन् १९९६, २०९-२१०) । त्यसै गरी उनले दोस्रो पटक पनि राजा त्रिभुवनलाई फर्काउन आफ्ना छोरा विजयशमशरलाई पठाएका थिए (पाँडे, वि.सं. २०४५, २८४) । त्यो पटक पनि त्रिभुवन दरबार फर्कन मानेनन् । राजा त्रिभुवन माहिला नाति ज्ञानेन्द्रबाहेक परिवारका सबै सदस्यलाई लिएर दूतावासमा शरण लिन गएका थिए । त्यसैले यहाँनिर स्मरणीय कुरा के छ भने प्रधानमन्त्री जुद्धशमशेरकै समयमा राजा त्रिभुवनलाई हटाई युवराज महेन्द्रलाई राजा बनाउने भन्ने जुन कुरा उठेको थियो त्यसैको अनुकरण स्वरूप ज्ञानेन्द्रबाहेक अरु सदस्य नभेटिएकाले मोहनशमशेरले ज्ञानेन्द्रलाई नै सिंहासनमा राखेका थिए । डायरीमा उल्लेख गरेअनुसार नै त्यो क्रान्तिले नेपालमा १०४ वर्षदेखि चल्दै आएको राणा शासनलाई अन्त्य पनि गरेको थियो । क्रान्तिले राणा परिवार सबैलाई सखाप गर्नेछ कि भन्ने डर विजयशमशेरलाई थियो । त्यसैले उनी क्रान्तिलाई शान्तिपूर्ण ढंगबाट समाधान गर्न चाहन्थे (अमात्य, सन् २००४: २९७) । त्यसो नहोस् भन्नका लागि उनले क्रान्तिलाई शान्तिपूर्णरूपले अवतरण गराउँन महत्वपूर्ण भूमिका खेलेका थिए ।

## परिशिष्ट-'क'

## वि.सं. १९९७ कार्तिक १६ (सन् १९४० नोभेम्बर १) गते जनरल विजयशमशेरले लेखेको दैनिकी

* 1/11/40.

Felt very jaded and tired after the strain of continuous gambling for five successive days.

Went to bed at 4.30 a.m. but could fall asleep only at about 5 a.m.

Father talked as follows in the car while coming back home after gambling :– "आज पनि अग्नी टीका लाउन सींहदर्वार आयेन रे. बाहिर नीस्कीन पुरै वन्द भये पछी त जरूर् सबै ले थहा पाइहाल्छन्. King कहाँ भयेको colt pistol र अरू बन्दुक हरू पनि सबै झीक्को सक्यो तर अब त उन King desperate भयेर कहीं भागेर जाला की भन्ने डरलाग्छ. King ले palace मा जरूर् secret doors हरू बनाये को होला औ तेस्तो हरूवाट निस्की परर्वात लागी Legation जान पनि केवेर् वा कुनै दीन Army को अगाडी आइ appeal पनि त स्पर्श गर्न सक्छ. खै H.H. लाइ केही विचारैछैन केही फीक्री मानी वक्से जस्तो पनि छैन. आज भार टीका हुँदा पनि King ले श्रीपेच पहीरी वक्सेन रे फेरी वहाँ को छोरा हरूले पनि पैले न लायेको मा सम्झेर पिर्के लाइ एक छोराहरू लाइ पगरी लाउन् भनी देउन भनु भयो रे. यो पनि significant हो की जस्तो लाग्यो. वहाँ ले abdicate गर्न पनि सम्भव छ". Genl. Krishna ले पनि आज साहाज्यादी हरू संग पनि नहुतै कम् कुरा भयो रे औ दर्वार को धेरै जस्तो मुसारे हरू को पनि आँखा भरी आँसु थीयो रे भर्जी भयो.

अब देखी हजुरीया पाटो मा पर्ने हामी हरू लाइ पनि जानु न पर्ने हुन्छ क्यारे; अस्ती वसन्त दाजी र कल्याण दाजी हरू लाइ पनि न जानु भन्ने भयो रे. आज King सधैं झैं नि जमल घर को दर्सन गर्ने सवारी हुने हुनाले H.H. ले हीजो father लाइ दाजी र म मा एक जना मा सवारी चलाउन पठाउनु भन्ने भयेको रहेछ तर King ले म जान्न भन्ने हुकुम् भयो रे. So long as this case is pending we can't have any peace of mind. But I'm afraid the poison has already been laid and the movement can not absolutely die out. May God guide us in the right path and save our whole family from total massacre, similar to that of the White czars in Russia

स्रोत: जनरल विजयशमशेरको डायरी (उनका छोरा पशुपतिशमशेर राणाबाट प्राप्त)

## परिशिष्ट-'ख'
## वि.सं. १९९७ कार्तिक २१ (सन् १९४० नोभेम्बर ६) गते जनरल विजयशमशेरले लेखेको दैनिकी

6/11/40. - कार्तिक - २१.

धुङे बुवा को छोरा को पास्नी को invitation बाट फर्कंदा father ले car मा मीठो बुवा संग कुरा गरी बक्सेको — " आज पनि King लाइ invitation दीयेनन्. King लाइ आराम न भयेकै रहेछ वहाँ आउन न सक्ने भहा पाये पनी यौटा form को लागी invitation पठायेको भये भइ हाल्थ्यो. मान्छे ले कुरा गर्न पाउन्न थीये. अब King लाइ पनि कसरी implicate गर्छन. अस्ती मैले नारायरा संग कुरा telephone बाट गरें, ज. अग्नी र King लाइ जोरी सोधेछन्. अग्नी ले पनि पुरै deny गरेछ तेसैले King लाइ होइन भनि अड्न त झन् सजीलो भइ हाल्यो. धर्मभक्त हरु ले लेखेको चिठी पौंउदै मा कसरी प्रमाण पुग्छ यस्तो कुरा हुना साथ H.H. ले मेरो papers कीन खान तलासी न गरेको मलाइ त यो बारे केही भहा छैन भनि King ले हुकुम भयो रे. नारायरा ले बुवा i.e. H.H. बाट हजुर्लाइ भीत्र खेली बक्सन त हुन्छ तर बाहिर सवारी हुन हुन्न औ बन्दुक गड्डा हरु पनि झिकु भन्ने भयेकोछ भनि भन्दा तीम्रो बुवा को मेहर्वानी भन्ने भयो रे. यो सबै कुरा ले त झन् King बीजिने मात्र भयो पुरा प्रमारा पनि न आउने भयो कस्तो केरा केरी काम. फेरी King को camp बाट arrested भयेको compounder, रामदास, धर्मभक्त हरु लाइ question गर्दा H.H. लाइ chloroform गर्ने plan पनि थीयो रे. H.H. लाइ निश्चेत पारे पछी त क. ईन्द्र वाहादुर हजुरीया लाइ पनि त म हात मा लीन ~~[illegible]~~ सक्छु भनि King ले हुकुम भयेको थीयो भनि भने रे. यो पनि त वडो significant लाग्यो. इन्द्र वाहादुर पनि King तीर लाग्दैन भन्ने के कुरा छ र. H.H. को idea त King लाइ abdicate गराइ Crown Prince लाइ throne मा राख्ने अरु 2 princes लाइ पनि धपाइ दीने छ क्यारे तर राम्रो proofs न पाइ यो कसरी गर्न आँटेको छन् म त केही बुझ्दीन. यस्तो ठुलो कुरा पनि यसरी lightly लीने साह्रै बेकुफी हो. whole thing a terrible mess पार्छन् की भन्ने डर लाग्छ. उ.क.ज. लाइ H.H. बाट हाल लाइ न आउनु भन्ने तार त गइ सक्यो रे तर बाहिर त उ.क.ज. privately ३।४ दीन भीत्र आइ पुग्छ भन्छन् खै क्या हो!"

स्रोत: जनरल विजयशमशेरको डायरी (उनका छोरा पशुपतिशमशेर राणाबाट प्राप्त)

## सन्दर्भसूची


### अप्रकाशित

जनरल विजयशमशेरको डायरी (वि.सं. १९९७ कार्तिक १६ र २१) ।

**प्रकाशित**

अमात्य, साफल्या (सन् २००४), *राणा रुल इन नेपाल,* दिल्लीः निरला पब्लिकेसन ।

जोशी भुवन लाल र लियो ई. रोज (सन् २००४), *डेमोक्रेटिभ इन्नोभेसन्स् इन नेपाल (ए केस स्टडी अफ पोलिटिकल एक्कुलुरेसन),* काठमाडौँः मण्डला पब्लिकेसन ।

थापा, विनोद (वि.सं. २०६९), "राणाकालका सम्झन लायक व्यक्ति मेजर जनरल विजयशमशेर जबरा", *सिपाही,* वर्ष ४५, अंक ४६, काठमाडौँः जंगी अड्डा ।

पन्त दिनेशराज र थापा, विनोद (वि.सं. २०७९), *नेपाली सेनाको इतिहास,* काठमाडौँः एकीकरण मार्ग कार्यक्रम समन्वय कार्यालय, कार्यरथी विभाग, जङ्गी अड्डा ।

पाँडे, भीमबहादुर (वि.सं. २०४५), *त्यस बखतको नेपाल,* भाग-४ (२००२-२००७ साल), प्रकाशन स्थान उल्लेख नगरिएकोः लेखक स्वयम् ।

राणा, दमन शमशेर जंग बहादुर (सन् १९७८), *नेपाल रुल एण्ड मिसरुल,* न्यूदिल्लीः राजेश पब्लिकेसन ।

राणा, पुरुषोत्तमशमशेर ज.ब.रा. (वि.सं. २०५९), *श्री ३ हरूको तथ्य वृत्तान्त* (भाग २), काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

राणा, प्रमोदशमशेर (प्रकाशन मिति उल्लेख नगरिएको), *राणाशासनको वृत्तान्त,* काठमाडौँः रमा राणा ।

शाह, ऋषिकेश (सन् १९९६), *मोर्डन नेपाल, ए पोलिटिकल हिष्ट्री (१७६९-१९५५)* भोलम २, न्यूदिल्लीः मनोहर पब्लिसर्स एण्ड डिस्टिब्यूटर्स ।